**मेट्रो हेल्थ**

| बिलिङ तथा सङ्कलन नीति | | | | | |
|---|---|---|---|---|---|
| खण्ड | PFS | पहिलेको पोलिसी नम्बर: | PFS-D153 | पोलिसी नम्बर (Policy Number) | PFS-04 |
| सुरुको मिति | जुलाई 2016 | लागू हुने मिति | मार्च 2019 | आगामी समीक्षा | मार्च 2020 |

Δ ***संशोधन इङ्गित गर्दछ***

**नीति कथन**

मेट्रो हेल्थ कर्पोरेसन र मेट्रो हेल्थ हस्पिटल (संयुक्त रूपमा "मेट्रो") मुनाफारहित, कर छुट प्राप्त संस्थाहरू हुन्, जसले मेट्रोको मुख्य र सहायक सेवा क्षेत्रमा रहेका बासिन्दाहरूलाई स्वास्थ्य सेवाहरू प्रदान गर्ने परोपकारी लक्ष्य लिएका छन्। यस बिलिङ तथा सङ्कलन नीतिको उद्देश्य स्वास्थ्य सेवा उपलब्ध गराए वापत मेट्रोले बिल जारी गर्ने र शुल्क सङ्कलन गर्ने सम्बन्धमा सबै बिरामीहरूलाई न्यायोचित र तर्कसङ्गत ढङ्गले व्यवहार होस् र वित्तीय सहायताको लागि आवेदन गर्ने (मेट्रो वित्तीय सहायता नीति हेर्नुहोस्) वा भुक्तानीको अन्य बन्दोवस्त मिलाउने पर्याप्त समय पाऊन् भन्ने कुरा सुनिश्चित गर्नु हो। यो नीति मेट्रो हेल्थ कर्पोरेसन तथा मेट्रो हेल्थ हस्पिटलका सबै स्थानहरूमा लागू हुनेछन्।

**मुख्य शब्दहरू**

स्व-भुक्तान, वित्तीय सहायता, सङ्कलन

**क्षेत्राधिकार**

बिरामी दर्ता, बिरामी वित्तीय परामर्षदाता, ग्राहक सेवा प्रतिनिधि, बिरामी वित्तीय सेवा, व्यावसायिक बिलिङ

**साधारण**

यस नीतिले अस्पताल र/वा क्लिनिक स्वास्थ्य सेवाको लागि तिर्न बाँकी शुल्क नतिरेको अवस्थामा मेट्रोले चाल्न सक्ने कदमहरू तय गर्दछ। यस नीतिले रकम असूली गर्ने प्रयासमा कुनै पनि असाधारण सङ्कलन कार्यवाही अगाडि बढाउनु अगाडि बिरामी मेट्रोको वित्तीय सहायता नीति अन्तर्गत वित्तीय सहायताको लागि योग्य रहे/नरहेको निर्धारण गर्नमा उल्लेखनीय प्रयास गरिने कुरा सुनिश्चित गर्न मेट्रोले अपनाउने उपायहरू पनि निर्धारण गर्दछ।

यस नीतिको प्रयोजनको लागि "बिरामी" भन्नाले बिरामी आफैँ वा उनको जमानतकर्ता, *अर्थात्* बाँकी शुल्क तिर्ने आर्थिक जिम्मेवारी बहन गर्ने व्यक्ति भन्ने बुझ्नुपर्छ।

A. मेट्रो सबै बिल विवरणमा निम्न कुराहरू समावेश गर्नेछ:

(i) मेट्रोले उपलब्ध गराएको स्वास्थ्य सेवाहरूको सारांश;

(ii) त्यस प्रकारका सेवाहरूको लागि लाग्ने शुल्कको सारांश, जसमा अनुरोध गरेको खण्डमा शुल्कहरूको विस्तृत सूची प्राप्त हुने व्यहोराको कथन हुनेछ; र

(iii) बिरामीले तिर्नुपर्ने रकम।

B. बीमित वा तेस्रो-पक्षीय भुक्तानीको विकल्प नभएका सबै बिरामीहरूलाई मेट्रोको वित्तीय सहायता नीति PFS-03 बमोजिम स्वत: स्व-भुक्तान छुट प्रदान गरिनेछ। यदि बिरामीलाई पछि उक्त नीतिमा व्यवस्था गरे अनुसार आयको आधारमा वित्तीय सहायता पाउन योग्य ठहर गरिएमा स्व-भुक्तान छुट फिर्ता लिइने छ, त्यस्तो अवस्थामा स्व-भुक्तान छुटको सट्टामा वित्तीय सहायता छुट लागू हुनेछ।

C. हरेक स्व-भुक्तान बिरामीहरूलाई मेट्रोले सेवा प्रदान गरेबापत पठाउने पहिलो डिस्चार्ज पछिको बिल विवरणमा स्व-भुक्तान छुट उपलब्ध हुने बारेमा स्पष्ट व्यहोरा समावेश गरिएको र तिर्न बाँकी रकमले उक्त छुट प्रतिबिम्बित गर्ने कुरा सुनिश्चित गर्नेछ।

D. मेट्रोले मेट्रोको स्वास्थ्य सेवा भुक्तानी कार्यक्रम मार्फत बिरामीले तिर्नुपर्ने रकमको लागि भुक्तानी योजनाहरू निर्धारण गरेर बिरामीहरूलाई समायोजन गर्नेछ। मेट्रोले लिखित रूपमा अन्यथा सहमति गरेको अवस्थामा बाहेक, प्रत्येक भुक्तानी योजनाले (अ) तिर्न बाँकी रकमको आधारमा सेवा प्रदान गरेको मिति पछि 48 महिनाभित्र पूरा असूल गर्ने व्यवस्था गर्नेछ (उल्लेख्य बाँकी रकम भएमा समयावधि थप हुन सक्ने), र (आ) तिर्न बाँकी रकमको आधारमा महिनाको कम्तिमा $25 भुक्तानी गर्ने व्यवस्था मिलाउने छ। स्वास्थ्य सेवा भुक्तानी कार्यक्रम ब्याज रहित कार्यक्रम हो।

E. यस नीतिमा व्यवस्था गरेका प्रावधान अन्तर्गत रही मेट्रोले उपलब्ध गराइएको स्वास्थ्य सेवा वापतको शुल्क असूल गराउनको लागि असाधारण सङ्कलन कार्यवाही (ECA) लगायत कुनै र सबै कानुनी कार्यवाहीहरू अगाडि बढाउन सक्छ।

F. मेट्रोले बिरामी मेट्रोको वित्तीय सहायता नीति अन्तर्गत सहायताको लागि योग्य रहे/नरहेको निर्धारण गर्नमा उल्लेखनीय प्रयास नगरेसम्म प्रत्यक्ष वा कुनै ऋण असूली निकाय वा अन्य प्रतिनिधि मार्फत कुनै पनि ECA हरू अपनाउने छैन। त्यसको लागि:

(i) मेट्रोले सूचना अवधिमा कुनै पनि ECA हरू अगाडि बढाउने छैन।

(ii) मेट्रोले यसको वित्तीय सहायता नीतिमा निर्दिष्ट गरिएका विधिहरू मार्फत वित्तीय सहायताको उपलब्धताको प्रचार-प्रसार गर्नेछ, जसमा निम्न विधिहरू पर्दछन्:

- मेट्रो परिसरहरूमा संकेतहरू राख्ने;
- वित्तीय सहायता नीति, वित्तीय सहायता आवेदन फाराम र सरल भाषामा लेखिएको सारांश मेट्रोको वेबसाइटमा राख्ने;
- बिरामी दर्ता सामग्री तथा अन्तरङ्ग हातेपूस्तिकाहरूमा सरल भाषाको सारांश समावेश गर्ने; र
- भर्ना वा डिस्चार्ज प्रक्रियाको अङ्गको रूपमा हरेक बिरामीलाई सरल भाषाको सारांशका प्रतिहरू वितरण गरिने।

(iii) मेट्रोले वित्तीय सहायता नीति, वित्तीय सहायता आवेदन फाराम र सरल भाषाको

सारांश अङ्ग्रेजी र (अ) 1000 व्यक्तिहरू, वा (आ) मेट्रोको मुख्य तथा सहायक सेवा क्षेत्रका 5% जनसंख्याको मुख्य भाषा रहेका अन्य भाषामा उपलब्ध हुने कुरा सुनिश्चित गर्नेछ ।

(iv) सूचना अवधिभर, मेट्रोले कम्तिमा तीन वटा बिल विवरण पठाउँछ (यद्यपि बिरामीले वित्तीय सहायता आवेदन पेश गरिसकेपछि थप बिल विवरण पठाउनु आवश्यक छैन), प्रत्येक बिल विवरणमा निम्न लगायत वित्तीय सहायता उपलब्ध हुने व्यहोराको स्पष्ट कथन समावेश हुनेछ:

- वित्तीय सहायता उपलब्ध हुने बारेको स्पष्ट कथन;
- वित्तीय सहायता नीति र आवेदन प्रक्रियाको बारेमा जानकारीको लागि फोन नम्बर; र
- वित्तीय सहायता नीति, वित्तीय सहायता आवेदन फाराम, सरल भाषाको सारांश उपलब्ध हुने वेबसाइटको ठेगाना ।

(v) यदि कुनै बिरामीले संभावित वित्तीय सहायताको बारेमा जानकारीको लागि मेट्रोलाई सम्पर्क गरेमा मेट्रोले त्यस्ता बिरामीलाई नि:शुल्क वित्तीय सहायता नीति, वित्तीय सहायता आवेदन फाराम र सरल भाषामा लेखिएको सारांश उपलब्ध गराउने छ । त्यसको साथसाथै, मेट्रोले आवश्यक परे अनुसार थप व्याख्या र सहायताको लागि मेट्रो प्रतिनिधि कहाँ पठाउने कुरा यकिन गर्नेछ ।

G. मेट्रोले एक वा धेरै ECA हरू अगाडि बढाउन चाहेमा मेट्रोले बिरामीलाई यसको तेस्रो बिल विवरणको अङ्गको रूपमा, ECA अगाडि बढाउनुभन्दा कम्तिमा 30 दिन पहिले, असुली-पूर्व सूचना हुलाकबाट वा मान्छेको हातबाट पठाउन सक्छ । असूली-पूर्व सूचना र तेस्रो बिल विवरणमा तलका सबै कुराहरू समावेश गरिनुपर्छ:

(i) तिर्न बाँकी रकम असूल गराउनको लागि मेट्रोले एक वा धेरै ECA अगाडि बढाउन चाहेको व्यहोरा (अगाडि बढाउन लागिएको निश्चित ECA पहिचान गरेर);

(ii) निर्दिष्ट ECA बाट बच्नको लागि भुक्तानी गर्नुपर्ने अन्तिम मिति (जुन असूली-पूर्व सूचना पछि कम्तिमा 30 दिन हुनुपर्छ);

(iii) मेट्रोको वित्तीय सहायता नीति अन्तर्गत वित्तीय सहायता उपलब्ध रहेको व्यहोरा स्पष्ट खुलेको कथन; र

(iv) सरल भाषाको सारांशको एक प्रति ।

कुनै पनि अवस्थामा सूचना अवधिको अन्तभन्दा 30 दिन अगाडि बिरामीलाई असूली-पूर्व सूचना हुलाकबाट वा मानिससँग पठाउन पाइने छैन । असूली-पूर्व सूचना पठाइएको मितिदेखि 30-दिने अवधिभर, मेट्रोले निरन्तर बिरामीलाई मौखिक रूपमा वित्तीय सहायता उपलब्ध रहेको कुरा जानकारी गराउने उल्लेखनीय प्रयास गर्नेछ ।

यदि अगाडि बढाउन चाहेको ECA ले विभिन्न समयमा स्वास्थ्य सेवा लिएको शुल्क समेट्ने हो भने सूचना अवधि (120 दिन) र आवेदन अवधि (240 दिन) सँग सम्बन्धित समयरेखा सबैभन्दा पछिल्लो पटक स्वास्थ्य सेवा प्राप्त गरेको मितिदेखि (विशेष गरी, उक्त सेवा लिइसकेपछिको पहिलो डिस्चार्जपछिको बिल विवरणको मितिदेखि) गणना गरिनेछ ।

H. सूचना अवधि गुज्रिसकेपछि, मेट्रोले निम्नानुसार एक वा धेरै ECA हरू अगाडि बढाउन सक्नेछ:

(i) बिरामीले मेट्रोको वित्तीय सहायता नीति अन्तर्गत वित्तीय सहायताको लागि आवेदन नदिएको खण्डमा मेट्रोले ECA अगाडि बढाउन सक्नेछ, तर असूली-पूर्व पत्र उपलब्ध गराएर कम्तिमा 30 दिन कटिसकेपछि मात्र ।

(ii) यदि बिरामीले वित्तीय सहायताको लागि आवेदन गरेका छन् तर मेट्रोको वित्तीय सहायता नीति अन्तर्गत योग्य नभएको निर्णय भइसकेको हो भने मेट्रोले एक वा धेरै ECA अगाडि बढाउन सक्नेछ ।

(iii) यदि बिरामीले आवेदन अवधि गुज्रिनुभन्दा अगाडि पूरा नभरिएको वित्तीय सहायता आवेदन फाराम बुझाएका छन् भने निम्न प्रक्रियाहरू पूरा नगरी ECA अगाडि बढाउन पाइने छैन:

- मेट्रोले बिरामीलाई वित्तीय सहायता आवेदन पूरा गर्न आवश्यक पर्ने थप विवरण वा कागजातको बारेमा वर्णन गरिएको लिखित सूचना दिन्छ;
- मेट्रोले बिरामीलाई यदि निर्दिष्ट मितिभित्र वित्तीय सहायता आवेदन पूरा गरिएन वा बाँकी शुल्क भुक्तानी गरिएन भने मेट्रोले बिरामी विरुद्ध चाल्न सक्ने ECA हरूको पूर्व सूचना कम्तिमा 30 दिन पहिले दिन्छ; *तर* पूरा गर्ने वा भुक्तानी गर्ने अन्तिम म्याद आवेदन अवधि अन्त हुनुभन्दा अगाडि निर्धारण गर्न पाइने छैन ।
- यदि त्यसपछि बिरामीले वित्तीय सहायता आवेदन पूरा गरे र मेट्रोले बिरामी कुनै वित्तीय सहायताको लागि योग्य नरहेको निश्चित रूपमा निक्यौंल गऱ्यो भने मेट्रोले बिरामीलाई कुनै पनि ECA अगाडि बढाउनु पहिले भुक्तानी योजना निर्धारण गर्ने अवसर प्रदान गर्नेछ; र
- यदि बिरामीले लिखित सूचनामा उल्लेख भएको मितिभित्र वित्तीय सहायता आवेदन पूरा गर्न सकेनन् भने मेट्रोले एक वा धेरै ECA अगाडि बढाउन सक्नेछ ।

(iv) यदि बिरामीले आवेदन अवधिभित्र वित्तीय सहायता आवेदन (पूर्ण वा अपूर्ण) पेश गरेका छन् भने मेट्रोले बिरामीको वित्तीय सहायता आवेदन विचाराधीन रहेसम्म कुनै पनि ECA निलम्बन गर्नेछ ।

I. मेट्रोले माथि उल्लिखित प्रावधानहरू र प्रचलित कानुन अनुरूप हुने गरी ECA हरू अगाडि बढाउने कार्यमा आफ्नो तर्फबाट कार्य गर्न बाह्य सङ्कलन निकायहरू तोक्न सक्नेछ । तर, बाह्य

सङ्कलन निकायले अगाडि बढाउन प्रस्ताव गर्ने कुनै पनि ECA को लागि निश्चित बिरामी र रकमको लागि मेट्रोको पूर्व अनुमति आवश्यक पर्नेछ।

J. मेट्रो सेवाहरूको लागि तिर्न सक्ने तर नचाहने बिरामीहरूले तिर्नुपर्ने बाँकी रकमलाई उठाउन नसकिने खराब ऋण मानिनेछ; त्यस्तो रकम उठाउन बाह्य निकायहरूलाई लगाइनेछ। मेट्रोको वित्तीय सहायता नीति अन्तर्गत वित्तीय सहायताको लागि योग्य तर तिर्नुपर्ने (छुटपछिको) रकम समयमा तिर्न नसक्ने बिरामीहरूको बाँकी रकमलाई छुटपछिको बाँकी रकमको लागि उठाउन नसकिने खराब ऋण मानिनेछ; त्यस्तो रकम उठाउनको लागि बाह्य निकायलाई लगाइनेछ।

K. मेट्रोले सर्वसाधारणलाई यो बिलिङ तथा सङ्कलन नितिको प्रति नि:शुल्क उपलब्ध गराउने छ। बिलिङ तथा सङ्कलन निति साधारणतया मेट्रोको वित्तीय सहायता नीति जस्तै पोस्ट, प्रचारप्रसार र त्यसको साथसाथै उपलब्ध गराउने छ। मेट्रोले यो बिलिङ तथा सङ्कलन नीति अङ्ग्रेजी र (अ) 1000 व्यक्तिहरू, वा (आ) मेट्रोको मुख्य तथा सहायक सेवा क्षेत्रका 5% जनसंख्याको मुख्य भाषा रहेका अन्य भाषामा उपलब्ध हुने कुरा सुनिश्चित गर्नेछ।

L. यदि मेट्रोले आवेदन अवधमा बिरामीसँगको ऋण अर्को पक्षलाई रिफर गऱ्यो वा बिक्री गऱ्यो भने मेट्रोले त्यस्तो पक्षसँग लिखित सहमति गर्नेछ, जसमा उक्त पक्षलाई निम्न कुराहरू गर्न बाध्य पार्नेछ:

(i) सूचना अवधि समाप्त हुनुभन्दा अगाडि र असूली-पूर्व पत्र हुलाकबाट वा मान्छेको हातबाट पठाएको मितिले कम्तिमा 30 दिन नकाटूञ्जेल कुनै पनि ECA हरू अगाडि नबढाउने;

(ii) बिरामीले आवेदन अवधिभित्र वित्तीय सहायता आवेदन पेश गरेमा कुनै पनि ECA लाई स्थगित गर्ने; र

(iii) यदि बिरामी वित्तीय सहायताको लागि योग्य ठहर गरिएमा बिरामीलाई उनले तिर्नुपर्नेभन्दा बढी तिर्न नलगाउने (र नतिराउने), अनि पहिले नै चालिएको कुनै पनि ECA फिर्ता लिने कुरा सुनिश्चित गर्ने।

**परिभाषा(हरू)**

<u>आवेदन अवधि:</u> मेट्रोले आफ्नो वित्तीय सहायता नीति अन्तर्गत वित्तीय सहायताको लागि आवेदन स्वीकार गरेर प्रक्रिया अगाडि बढाउने अवधि। वित्तीय सहायता नीति र वित्तीय सहायता आवेदन फारामका प्रतिहरू https://metrohealth.net/about-metro-health/billing-payment-options/financial-assistance/ मा उपलब्ध छन्। आवेदन अवधि स्वास्थ्य सेवा प्रदान गरेको दिनदेखि सुरु भएर सो सेवाको लागि मेट्रोले पोस्ट-डिस्चार्ज बिल विवरण उपलब्ध गराएको मितिदेखि 240औँ दिनमा समाप्त हुन्छ।

<u>वित्तीय सहायताको अन्तिम म्याद</u>: यो मितिपछि मेट्रो हेल्थले वित्तीय सहायता आवेदन पेश गर्न नसक्ने जिम्मेवार व्यक्ति(हरू) विरुद्ध कुनै पनि ECA अगाडि बढाउन सक्नेछ। यो अन्तिम म्याद जिम्मेवार व्यक्तिलाई मिति समाप्त हुनुभन्दा 30 दिन अगाडि, तर 120

दिनभन्दा अगाडि होइन, पठाइएको लिखित सूचनामा उल्लेख भएको हुनुपर्छ ।

वित्तीय सहायता आवेदन पूर्णता: यो मितिपछि मेट्रो हेल्थले अपूर्ण FAP बुझाउने व्यक्ति(हरू)लाई ECA अगाडि बढाउन वा पुन: सुचारु गर्न सक्छ । पूर्णता अन्तिम मिति लिखित सूचनामा उल्लेख गरिएको हुनुपर्छ र यी दुईमध्ये पछाडिको मितिभन्दा अगाडि हुनुहुँदैन (क) सूचना उपलब्ध गराएको मितिले 30 दिन वा (ख) आवेदन मितिको अन्तिम मिति ।

असाधारण सङ्कलन कार्यवाही (ECA): बिरामीले तिर्नुपर्ने रकम असूल उपर गराउनेसँग सम्बन्धित बिरामी विरुद्ध लिइने कुनै पनि कार्यवाही, जुन कार्यवाहीको लागि कानुनी वा न्यायिक प्रक्रिया अपनाउनुपर्ने हुन्छ । उदाहरणको लागि, ECA हरूमा निम्न कुराहरूको अधिकांश प्रकारहरू पर्दछन्: धारणाधिकार (लियन), घरजग्गा जफत, बैंक खाता वा व्यक्तिगत सम्पत्ति रोक्का वा जफत, मुद्दा हाल्ने, पक्राउ वा वारेन्ट जारी गर्ने, वा तलब वा अन्य आय रोक्का गर्ने । ECA मा बिरामीको ऋणको बारेमा क्रेडिट ब्यूरो वा एजेन्सीलाई जानकारी गराउनु पनि पर्दछ । ECA मा व्यक्तिगत चोटपटकको फैसला, बन्दोवस्त वा सम्झौताबाट प्राप्त हुने लाभमाथि मेट्रोले गर्ने धारणाधिकारको दाबी, र दिवालियापनको कार्यवाहीमा दाबी पर्दैनन् ।

स्व-भुक्तान खाता: बिरामीलाई लगाइने शुल्कमध्ये स्वास्थ्य बीमा वा तेस्रो-पक्षीय भुक्तानीकर्ताले (सहभुक्तानी, सहबीमा र कटौतीहरू लगायत) तिरिसकेपछिको, र बिरामीको वित्तीय सहायता आवेदनको आधारमा अपलेखन गरिसकेपछि व्यक्ति आफैँले तिर्नुपर्ने रकम ।

स्व-भुक्तान छुट: वित्तीय सहायताको लागि योग्य नठहरिएका सबै स्व-भुक्तान बिरामीको रूपमा पहिचान गरिएका बिरामीहरूलाई दिइने एक मानक छुट ।

सङ्कलक निकाय: मेट्रो हेल्थको तर्फबाट बिरामीले तिर्नुपर्ने बाँकी रकम असूल गराइदिने करार गरिएको कम्पनी जसले सबै न्यायिक ऋण असूली अभ्यासहरू अपनाउँछ ।

स्वास्थ्य सेवा शुल्क भुक्तानी: एक वित्तीय विकल्प जसले तपाईँलाई बाँकी रकम ब्याज बिना विस्तारित अवधिमा मासिक किस्ताको रूपमा तिर्न सक्नुहुन्छ ।

बिल विवरण: बिरामीलाई भुक्तानीको लागि अनुरोध गरेर हुलाकबाट पठाइने वा हातैले पुर्‍याइने सूचना । सूचनामा स्वास्थ्य सेवा उपलब्ध गराए वापतको पहिलो पोस्ट-डिस्चार्ज बिल विवरण, त्यसपछि पठाइने कुनै पनि नियमित मासिक बिल विवरण, वा असूली-पूर्व पत्र हुनसक्छ ।

ग्राहक सेवा प्रतिनिधि: मेट्रोको ग्राहक सेवा कार्यालयका कर्मचारी जसले बिरामीलाई वित्तीय सहायता नीति र यस बिलिङ तथा सङ्कलन नीति लगायत मेट्रोको वित्तीय नीतिहरूको बारेमा बुझाउँछन् ।

सूचना अवधि: मेट्रोले बिरामीलाई वित्तीय सहायता उपलब्ध हुने बारेमा जानकारी गराउनुपर्ने समयावधि । सूचना अवधि बिरामीलाई स्वास्थ्य सेवा प्रदान गरेको दिनदेखि सुरु भएर सो सेवाको लागि मेट्रोले पोस्ट-डिस्चार्ज बिल विवरण उपलब्ध गराएको मितिदेखि 120औँ दिनमा समाप्त हुन्छ ।

बिरामीले तिर्नुपर्ने बाँकी रकम: खाताबाट बीमा, सरकारी भुक्तानीकर्ता, वा अन्य तेस्रो-पक्षीय भुक्तान स्रोतले तिरिसकेपछिको बाँकी रकम।

सरल भाषाको सारांश: मेट्रोको वित्तीय सहायता नीतिको लिखित सारांश, सोको प्रति यो नीतिसँग समावेश गरिएको छ र https://metrohealth.net/about-metro-health/billing-payment-options/financial-assistance/ मा पनि उपलब्ध छ। सरल भाषाको सारांश वित्तीय सहायता नीतिमा उल्लेख गरे अनुरूप प्रकाशित गरिनेछ।

असूली-पूर्व सूचना: मेट्रोले बिरामी विरुद्ध एक वा धेरै ECA चाल्नुभन्दा कम्तिमा 30 दिन अगाडि बिरामीलाई हुलाकबाट वा मान्छेको हातबाट पठाउने बिल विवरण, जसमा तिर्नुपर्ने बाँकी रकम असूल गराउनको लागि मेट्रोले एक वा धेरै ECA हरू अगाडि बढाउने निर्णय लिएको र धारा IV.G. मा उल्लेख गरिएका कुराहरू संलग्न गरिएको हुनेछ।

**Reference(s)**

U.S Bankruptcy Code, Title 11
http://uscode.house.gov/browse/prelim@title11&edition=prelim

I.R.S. Revenue Code, Section 501(r)
https://www.irs.gov/charities-non-profits/charitable-organizations/new-requirements-for-501c3-hospitals-under-the-affordable-care-act

**अनुमोदन समिति (हरू)** राजस्व चक्र समिति समिति(हरू) Δ 2/13/2019 मिति